नेपाल गजेट

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, कार्तिक २९ गते २०१८ साल [अतिरिक्ताङ्क २५

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीकोलागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

न्याय प्रशासनमा सुधार गर्न बनेको ऐन

प्रस्तावना:— नेपाल अधिराज्यका नागरिकहरूको सुविधाको लागि र मुलुकभर सबै रैती दुनियाँले कम खर्चिलो र सहज तरीकाले इन्साफ पाउन् भन्ना खातिर जिल्ला जिल्लामा नै सर्वोच्च अदालतका न्यायाधीशहरू पुगी मुद्दा मामिला हेर्नेसमेत न्याय सर्व सुलभ तथा छिटो तुल्याउने व्यवस्था गरी नेपाल अधिराज्यको न्याय प्रशासनको व्यवस्था मा केही सुधार गर्नु र अदालतको अवहेलना हुन दिनबाट रोक्नु वान्छनीय भएकोले,

६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ--

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः- (१) यस ऐनको नाम न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ।

(३) यो ऐन २०१८ साल मार्ग १ गतेदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा--

(क) "इलाका अदालत" भन्नाले यो ऐन प्रारम्भ हुनुभन्दा अगावै तत्काल प्रचलित नेपाल कानून बमोजिम वा दफा ३ बमोजिम स्थापित इलाका अदालत सम्झनु पर्छ।

(ख) "जिल्ला अदालत" भन्नाले यो ऐन प्रारम्भ हुनुभन्दा अगावै तत्काल प्रचलित नेपाल कानून बमोजिम वा दफा ३ बमोजिम स्थापित जिल्ला अदालत सम्झनु पर्छ।

(ग) "इलाका न्यायाधीश" भन्नाले इलाका अदालतका अतिरिक्त न्यायाधीशलाई समेत जनाउँछ।

(घ) "जिल्ला न्यायाधीश" भन्नाले जिल्ला अदालतका अतिरिक्त न्यायाधीशलाई समेत जनाउँछ।

३. इलाका अदालत र जिल्ला अदालतहरूको स्थापना र गठनः- (१) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल गजेटमा सूचना प्रकाशित गरी इलाका अदालत र जिल्ला अदालतहरूको स्थापना र गठन गर्न र त्यस्तो अदालतहरूको संख्यामा थपघट गर्न सक्नेछ।

(२) प्रत्येक इलाका अदालत र जिल्ला अदालतमा एकएक जना न्यायाधीश रहनेछन्। श्री ५ को सरकारले आवश्यक देखेमा प्रधान न्यायाधीशको सल्लाह लिई त्यस्तो कुनै अदालतमा आवश्यक देखे जति अतिरिक्त न्यायाधीशहरू पनि रहन सक्नेछन्।

(३) कुनै एक इलाका अदालत वा जिल्ला अदालतमा एक जनाभन्दा बढी न्यायाधीश रहेकोमा प्रत्येक न्यायाधीशले आफूलाई सुम्पिएको मुद्दा मामिलाहरूमा भिन्नाभिन्नै सो अदालतको अधिकार प्रयोग गर्नेछन्।

४. इलाका अदालतको शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्रः- यो ऐनका अरू दफा र प्रचलित अन्य नेपाल कानूनमा अर्को व्यवस्था भएमा बाहेक इलाका अदालतलाई आफ्नो इलाका भित्रका सबै किसिमका मुद्दा मामिलाहरूमा शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. जिल्ला अदालतको शुरू कारवाइ र किनारा गर्ने अधिकार क्षेत्रः– जिल्ला अदालतलाई देहायका किसिमका मुद्दा मामिलामा शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र हुनेछ ।

(क) सर्वोच्च अदालतबाट जिल्ला अदालतले शुरू कारवाइ र किनारा गरी दिनु भनी तोकी पठाएको मुद्दा मामिला,

(ख) कुनै नेपाल कानूनमा अर्को व्यवस्था नभएको भए, सरकारी कामको सम्बन्धमा सरकारी कर्मचारी उपरको आपनो इलाका भित्रका मुद्दा मामिला, र

(ग) कुनै नेपाल कानूनले जिल्ला अदालतबाट शुरू कारवाइ र किनारा गर्ने भनी तोकिदिएको आपनो इलाका भित्रका मुद्दा मामिला ।

६. इलाका अदालत र जिल्ला अदालतको सदर मुकाम र इलाकाः– इलाका अदालत र जिल्ला अदालतको इलाका र सदर मुकाम श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोक्न र हेरफेर गर्न सक्ने छ । त्यसरी हेरफेर नभएसम्म यो ऐन प्रारम्भ भएको मितिले अघिल्लो दिनसम्म भैराखेको इलाका अदालत र जिल्ला अदालतको इलाका र सदर मुकाम कायम रहने छ ।

तर—

(क) सर्वोच्च अदालतले आदेश जारी गरी कुनै इलाका न्यायाधीश वा जिल्ला न्यायाधीशलाई सोही आदेशमा तोकिएको किसिमको काम वा मुद्दा मामिला सोही आदेशमा तोकिएको ठाउँमा बसी कारवाइ वा किनारा गर्ने गरी निर्देश दिन सक्नेछ ।

(ख) कुनै नेपाल कानूनले कुनै कामको सम्बन्धमा सदर मुकामभन्दा बाहिर बसी इजलास कायम गर्ने निर्देश दिन्छ भने सोही कानून बमोजिम हुनेछ ।

७. इलाका अदालत र जिल्ला अदालतको अवहेलनाः– इलाका अदालत र जिल्ला अदालत प्रत्येकले आपनो अवहेलनामा कारवाई चलाउन सक्छ र अदालतको अवहेलना ठहराएमा इलाका अदालतले ५० रुपैयाँसम्म जरिवाना र जिल्ला अदालतले १०० रुपैयाँसम्म जरिवाना गर्ने गरी आदेश दिन सक्छ ।

तर अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा निजलाई अदालतले रिहाइ दिन वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न सक्ने छ ।

८. अपीलः– (१) प्रचलित नेपाल कानूनमा अपील नलाग्ने भनी किटी लेखिएको अवस्थामा बाहेक कुनै मुद्दा मामिलामा इलाका न्यायाधीशले गरेको फैसला वा अन्तिम आदेश वा दफा ७ अन्तर्गत इलाका न्यायाधीशले दिएको सजायको आदेश उपर जिल्ला अदालतमा अपील लाग्नेछ ।

७१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२)उपदफा (१) बमोजिम अपील परेको मुद्दा मामिला मध्ये देहायको मुद्दा मामिलामा मात्र जिल्ला न्यायाधीशले दिएको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा अपील लाग्नेछ ।

(क) झगडा परेको वा दावा गरेको विषयको मोल बिगो ३००० रुपैयाँभन्दा बढी भएको वा जतिसुकै मोल बिगो भएपनि इलाका न्यायाधीशले गरेको इन्साफमा राय नमिली जिल्ला न्यायाधीशले पूरा वा केही उल्टी गरेको मुद्दा मामिला वा मोल बिगो नखुलेको सामुहिक कुलो पानी, सामुहिक सन्धिसर्पन, गौचर वा तायदाती नआएको अंश मुद्दा, वा

(ख) १००० रुपैयाँभन्दा बढी दण्ड वा १ वर्षभन्दा बढी कैदको सजाय गर्ने गरी फैसला गरेको वा जतिसुकै दण्ड कैद गर्ने गरी फैसला गरेको भए पनि इलाका न्यायाधीशले गरेको इन्साफमा राय नमिली जिल्ला न्यायाधीशले पूरा वा केही उल्टी गरेको मुद्दा मामिला, वा

(ग) संविधानको व्याख्या सम्बन्धी कुनै जटिल काननी प्रश्न समावेश भएको भनी जिल्ला न्यायाधीशले निस्सा गरी दिएको मुद्दा मामिला, वा

(घ) त्यस्तो निस्सा गरी दिन जिल्ला न्यायाधीशले इन्कार गरे तापनि संविधानको व्याख्या सम्बन्धी कुनै जटिल कानूनी प्रश्न समावेश भएको छ भन्ने सर्वोच्च अदालतलाई चित्त बुझ्ने कारण भई आफूछेउ अपील गर्न पाउने गरी सर्वोच्च अदालतले विशेष अनुमति दिएको मुद्दा मामिला ।

(३) दफा ५ बमोजिमको कुनै मुद्दा मामिलामा जिल्ला न्यायाधीशले गरेको जुनसुकै फैसला वा अन्तिम आदेश र दफा ७ बमोजिम जिल्ला न्यायाधीशले दिएको सजायको आदेश उपर सर्वोच्च अदालतमा अपील लाग्नेछ ।

९. साधक र जाहेरीः– (१) झगडा परेको वा दावा गरेको विषयको मोल बिगो बढी मा ३००० रुपैयाँसम्म भएको मुद्दा मामिलामा वा बढीमा १ वर्षसम्म कैद वा १००० रुपैयाँसम्म जरिवाना हुने मुद्दा मामिलामा, तत्काल प्रचलित नेपाल कानूनले साधक सदर गराउनु पर्ने रहेछ भने, त्यस्तो मुद्दा मामिला जिल्ला अदालतमा साध्नु पर्नेछ ।

(२) झगडा परेको वा दावा गरेको विषयको मोल बिगो ३००० रुपैयाँभन्दा बढी भएको मुद्दा मामिलामा वा १ वर्षभन्दा बढी कैद वा १००० रुपैयाँभन्दा बढी दण्ड वा मृत्यु दण्ड हुने मुद्दा मामिलामा, तत्काल प्रचलित नेपाल कानूनले साधक सदर गराउनु पर्ने रहेछ भने, त्यस्तो मुद्दा मामिला सर्वोच्च अदालतमा साध्नु पर्ने छ ।

१०. अदालतको निर्णय अन्तिम हुनेः– यस ऐनमा वा अरू प्रचलित नेपाल कानूनमा किटानी-साथ लेखिएका कलमहरूमा बाहेक––

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै मुद्दा मामिलामा अदालतले गरेको निर्णय अन्तिम हुनेछ र सो निर्णय त्यस मुद्दा मामिलाका दुवै पक्षलाई मान्न कर लाग्नेछ ।

(ख) इन्साफमा तल माथि नहुने गरी छुट्टै पर्चा गरी अङ्कको र लेखको सानातिना भूलसम्म सच्याउने बाहेक एक पटक छिनीसकेको मुद्दा मामिला उसै अदालतले दोहऱ्याई हेर्न हुँदैन ।

(ग) कुनै एक अदालतले छिने पछि माथिल्लो अदालतमा अपील वा दोहऱ्याई पाउँ भन्ने निवेदनपत्र लाग्न सक्तैन ।

११. अपील सुन्ने अदालतको अधिकारः— प्रचलित नेपाल कानूनले तोकिदिएको शर्त बन्देजमा रही अपील सुन्ने अदालतको देहाय बमोजिमको अधिकार हुनेछ ।

(क) मुद्दा मामिलाको अन्तिम रूपले निर्णय गर्ने,

(ख) मुद्दा मामिलामा मुख्य ठहराउनु पर्ने कुरा खुलाई मनासिब माफिकको समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाइ र किनारा गर्नको लागि शुरू अदालतमा फिर्ता पठाउने,

(ग) तल्लो अदालतले दिएको फैसला वा अन्तिम आदेश सदर, उल्टी वा केही उल्टी गर्ने र सो तल्लो अदालतले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने, र

(घ) आफैले बढी सबूत लिने र तल्लो अदालतबाट पनि लिन लाउने ।

१२. न्यायाधीशको कर्तव्य पालनः— (१) नेपाल अधिराज्यका सबै अदालतहरूमा बयान बकपत्र गराउने र फैसला लेख्ने लगायत इन्साफ गर्ने सबै काम न्यायाधीश आफैले गर्नु पर्छ ।

तर—

(१) बयान गराउने र फैसला लेख्ने काम बाहेक आदेश लेख्ने वा बकपत्र गराउने वा अदालती कारवाइका अरू लिखत तयार गर्ने काम न्यायाधीश आफैले गर्न नभ्याउने भएमा अदालतका कुनै कर्मचारीको आवश्यक सहायता लिन हुन्छ ।

(२) न्यायाधीश बिदा वा काजमा रहेको वा अन्य कुनै कारणबाट अनुपस्थित भएको अवस्थामा बयान गराउने काम स्रेस्तेदारले र आदेश लेख्ने वा बकपत्र गराउने वा अदालती कारवाइका अन्य लिखत तयार गर्ने काम स्रेस्तेदारले अह्राएको अदालतका बिचारी वा सो सरहको दर्जाको अन्य कर्मचारीले गर्न हुन्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला लेख्दा आवश्यकतानुसार न्यायाधीशले बोलेर अरूबाट लेखाउन (डिक्टेट गराउन) वा टाइप गराउन हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. सरकारी र गैरसरकारी वकीलहरूः– (१) श्री ५ को सरकारले नेपाल अधिराज्यको निमित्त एकजना एटर्नी जनरल र एक वा एकभन्दा बढी गभर्नमेण्ट एडभोकेट र आवश्यकतानुसार गभर्नमेण्ट प्लीडर, पब्लिक प्रोसिक्यूटर, असिष्टेण्ट गभर्नमेण्ट प्लीडर र असिष्टेण्ट पब्लिक प्रोसिक्यूटरहरू पनि नियुक्त गर्न सक्नेछ ।

(२) श्री ५ को सरकारलाई सरोकार पर्ने जुनसुकै मुद्दा मामिलामा आवश्यकतानुसार श्री ५ को सरकारको तर्फबाट र श्री ५ को सरकारले खटाएमा कुनै सरकारी कर्मचारीको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्न सरकारी वकीलको कर्तव्य हुनेछ ।

(३) प्रचलित नेपाल कानून बमोजिम श्री ५ को सरकार वादी भई हेरिने वा श्री ५ को सरकारको तर्फबाट चलाइएको वा श्री ५ को सरकार उपर परेको मुद्दा मामिलामा श्री ५ को सरकारको आदेश भएमा सरकारी वकीलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मामिलामा मिलापत्र गर्ने वा अदालतको मञ्जूरीले त्यस्तो मुद्दा मामिला मध्ये श्री ५ को सरकार वादी भएको फौज्दारी मुद्दा मामिला वापस लिन हुन्छ र सो भएमा देहायका कुरामा देहाय बमोजिम हुनेछः––

(क) मुद्दा मामिला मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन ।

(ख) मुद्दा मामिला वापस लिएकोमा फौज्दारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ ।

तर कुनै गैर सरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा मामिला यस उपदफा बमोजिम अदालतबाट वापस लिन दिन हुँदैन ।

(४) सरकारी वकीलको अरू काम कर्तव्य र निजले पाउने पारिश्रमिक तथा सुविधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

(५) सर्वोच्च अदालतका गैर सरकारी वकीलहरूले जिल्ला अदालत र इलाका अदालतमा पनि उपस्थित भै मुद्दा मामिलामा बहस पैरवी गर्न पाउने छन् ।

स्पष्टीकरणः– यस दफाको प्रयोजनको लागि "सरकारी वकील" भन्नाले एटर्नी जनरल, गभर्नमेण्ट एडभोकेट, गभर्नमेण्ट प्लीडर, पब्लिक प्रोसिक्यूटर, असिष्टेण्ट गभर्नमेण्ट प्लीडर र असिष्टेण्ट प्रोसिक्यूटरलाई सम्झनु पर्छ ।

१४. काम बाँकी मुद्दा मामिला सार्नेः– (१) यो ऐन प्रारम्भ भएको मितिले अघिल्ला दिनसम्म उच्च अदालतमा परिराखेको छिन्न बाँकी मुद्दा मामिला र अपीलहरू र तोक लाग्न बाँकी सबै विन्तिपत्रहरू र उच्च अदालतमा साधी राखेको निर्णय हुन बाँकी दफा ९ को उपदफा (२) बमोजिमका साधक र जाहेरीहरू सर्वोच्च अदालतमा सर्नेछ ।

आधिकारिकता मुद्रणविभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन प्रारम्भ भएका मितिले अघिल्लो दिनसम्म उच्च अदालतमा साधी राखेका निर्णय हुन बाँकी दफा ९ को उपदफा (१) बमोजिमका साधक र जाहेरीहरू सम्बन्धित जिल्ला अदालतमा सर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सरी आएको मुद्दा मामिला सम्बन्धित जिल्ला अदालत र सर्वोच्च अदालतले हेरी कारवाइ र किनारा लगाउन छन् ।

१५. मातहत अदालतः– जिल्ला अदालतको इलाका भित्र पर्ने सबै इलाका अदालतहरू जिल्ला अदालतको मातहतमा र सबै इलाका अदालत र जिल्ला अदालतहरू सर्वोच्च अदालतका मातहतमा रहने छन् ।

१६. हद मुनि गरी फैसला गरेको मुद्दाको मिसिल झिकाई जाँच्नेः– यस ऐन वा प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला अदालतले छिनी हद मुनि भई अपील नलाग्ने भएको मुद्दा मामिलामा इन्साफ परे वा नपरेको जाँच्नको लागि त्यस्तो मुद्दा मामिला मध्ये सयकडा ५ सम्म सर्वोच्च अदालतले आफू समक्ष झिकाउन सक्नेछ र सो बमोजिम झिकाई जाँच्दा सर्वोच्च अदालतले अपील सुन्ने अदालतको अधिकार प्रयोग गर्न सक्ने छ ।

१७. बिगो कस्दा वा दण्ड जरिवाना गर्दा नेपाली रुपैयाँमा गर्नेः– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले कुनै कानून बमोजिम बिगो वा दण्ड जरिवाना वा जिताउरी वा बक्सौनीको लगत कस्दा वा कैद ठेक्दा वा कैदको रुपैयाँ, वा कुनै दस्तूर इत्यादि लिंदा सो कानूनमा लेखिएको रुपैयाँको अङ्क नेपाली रुपैयाँमा नै लेखिएको सम्झी सोही बमोजिम लिनु वा गर्ने गर्नु पर्छ ।

१८. दौडाहाको व्यवस्था गर्ने अधिकारः– श्री ५ को सरकारले समय समयमा सर्वोच्च अदालतका न्यायाधीशहरूलाई जिल्लाहरूमा दौडाहा खटाई अपील र उजूरीहरू सुनी कारवाइ र किनारा गराउने व्यवस्था सर्वोच्च अदालत ऐन, २०१३ बमोजिम गर्न सक्नेछ ।

१९. रूपान्तरः– प्रचलित अन्य नेपाल कानूनमा, "उच्च अदालत" शब्दहरू उल्लेख भैराखेका ठाउँहरूमा सो शब्दहरूको सट्टा "सर्वोच्च अदालत" शब्द रहेको सम्झनु पर्छ ।

२०. नियम बनाउने अधिकारः– (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई नियमहरू बनाउन सक्ने छ ।

(२) उपदफा (१) मा लेखिएको कुराको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी खास गरेर निम्नलिखित विषयमा पनि नियम बनाउन सकिने छ ।

(क) अदालतको छिनुवा मिसिल तथा अन्य काम जाँच चेक गर्ने तरीका र अधिकार,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रत्येक अदालतको उल्टी पटकेको र काम कारवाइ सम्बन्धी अन्य तथ्याङ्क सङ्कलन गर्ने तरीका,

(ग) पक्षको तर्फबाट अदालतमा बहस गर्न आउने वकील,

(घ) मुद्दा सार्न सक्ने अवस्था र परिस्थिति, र

(ङ) अदालतको काम कारवाइ सम्बन्धी अरू विचारार्थ विधि।

२१. बाधा अडकाउ हटाउने अधिकारः– यो ऐन कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा श्री ५ को सरकारले सो बाधा अडकाउ हटाउनको लागि नेपाल गजेटमा सूचना प्रकाशित गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ।

२२. खारेजीः– न्याय प्रशासन ऐन, २०१६ र उच्च अदालत नियमावली, २०१६ खारेज गरिएका छन्।

२३. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) अनुसार यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ।

लालमोहर सदर मितिः– २०१८।५।८।५ मा

आज्ञाले–

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव,

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।